पाठ ४

# आफ्नो अनुभव बाँड्नुहोस्

ई.सं. १९६८-मा म एक जवान स्कूल शिक्षक थिएँ र प्रभुले मलाई एक वृद्ध मानिसकहाँ डोऱ्याउनुभयो। येशू ख्रीष्टको बारेमा मैले सुनेको मेरो अनुभव र उहाँ कसरी मेरा व्यक्तिगत मुक्तिदाता बन्नुभयो भन्ने सम्बन्धमा मैले उहाँसँग कुराकानी गरें।

एक हप्तापछि ती वृद्ध मानिसले मलाई बोलाउनुभयो। म उहाँको घरमा जाँदा बाइबलमा भएको कर्नेलियसको घरको याद आयो। पूरै परिवार नै त्यहाँ थियो। उहाँ र उहाँको पूरै परिवारले मेरो प्रतिक्षा गरिराखेका थिए। त्यस साँझ अफ्रिकी परिवारका १६ जना व्यक्तिहरूले आफ्नो जीवन ख्रीष्टलाई दिए। त्यसपछि यो संख्या बढ्दैगयो र आज मण्डली अर्थात् एकलेसिया सभाको रूपमा तिनीहरू परमेश्वरलाई महिमा गर्नका लागि त्यहाँ भेला हुन्छन्!

मैले किन येशूलाई भेटें तपाईलाई थाहा छ? एक दिन कसैले आफ्नो अनुभव बाँड़िको हुनाले नै यो भएको हो। किन म अझै ख्रीष्टियान छु, के तपाईलाई थाहा छ? किनभने मैले आफ्नै जीवनमा येशूलाई व्यक्तिगत रूपमा अनुभव गरेको छु। संलग्न हुनुपर्ने आवश्यकताको बारेमा हामीले कुराकानी गरिसकेका छौं। अब कसरी संलग्न हुने भन्ने बारेमा हामी हेर्नेछौं– हाम्रा



निम्ति ख्रीष्टले जे गर्नुभएको छ सो अरूहरूलाई बताएर। यस्तो महान् सुसमाचार आफ्नै निम्ति मात्र हामी कसरी राख्न सक्छौं? हामीले अरूहरूसँग बाँड्नैपर्छ!

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

सबै समयमा बाँड्नु
लाज नमानी बाँड्नु
मानिसलाई परिवर्तन गर्नका लागि बाँड्नु।
मूल्य चुकाउनुपर्दा पनि बाँड्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- सबै समयमा तपाईंको ख्रीष्टियान साक्षी बाँड्नलाई तयारी हुनुपर्ने महत्त्वपूर्णतालाई बुझ्न।

- जस्तोसुकै मूल्य चुकाउनु परे तापनि व्यक्तिगत साक्षीको जीवनमा समर्पित हुन।

## सबै समयमा बाँड्नु

उद्देश्य १ : *सबै समयमा हाम्रो साक्षी बाँड्नको निम्ति हामी किन तयार हुनैपर्ने हो सो कारणहरू दिन।*

व्यक्तिगत सुसमाचार प्रचारमा व्यक्तिको आफ्नै अनुभव बाँड्नाले जति ठूलो नतिजा ल्याउँछ त्यति अरू कुराले ल्याउँदैन होला। सबै कामको मुटु नै यही हो।

तपाईंले आफ्नो जीवनमा ख्रीष्ट र उहाँको उद्धार गर्ने शक्तिलाई अनुभव गर्नुभएको होला। तपाईंले उहाँको आत्माको शक्ति पाउनुभएको होला। ख्रीष्टले तपाईंको निम्ति महान् र अचम्मको काम गर्नुभएको होला। तर तपाईंले यो कुरा अरूहरूलाई बाँड्नुभएन भने, तिनीहरूले कसरी जान्दछन्? तपाईंले मानिसहरूलाई बताउनुभएन भने तिनीहरूले कसरी सुन्छन्? अनि तिनीहरूले नसुनीकन कसरी विश्‍वास गर्छन् र उद्धार पाउँछन्?

यदि येशूले हामीसँग परमेश्‍वरको सुसमाचार नबाँड्नुभएको भए, हामीले परमेश्‍वरको प्रेमको बारेमा कसरी जान्न सक्ने थियौं र?

यदि सामरी स्त्रीले आफ्नो अनुभव आफैसँग मात्र राखेकी भए, तिनी बसेको शहरका मानिसहरूले ख्रीष्टको बारेमा कसरी सुन्न सक्थे?

आफू जानुभएका सबै ठाउँहरूमा येशूले मानिसहरूसँग कुराकानी गर्नुभयो। मानिसहरूका घरहरूमा गएर येशूले कुराकानी

गर्नुभयो। आफू बस्नुभएको ठाउँमा उहाँले तिनीहरूलाई स्वागत गर्नुभयो। चार सुसमाचारहरूमा पढ्दा हामी देख्छौं कि उहाँ समुद्रका किनारमा हिँड्नुभयो र उहाँले सड़कका मानिसहरूसँग कुराकानी गर्नुभयो। एक पल्ट उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "आओ, हामीहरू नजीकका अरू शहरहरूमा जाऔं, र त्यहाँ पनि म प्रचार गर्न पाऊँ, किनकि यसैको निम्ति म आएको हुँ" (मर्कूस १:३८)। उहाँले आफ्ना चेलाहरूलाई सारा संसारभरि र पृथ्वीको अन्तसम्म पठाउनुभयो।

प्रभुले हाम्रो निम्ति गर्नुभएको कामको बारेमा बताएर आठ जना व्यक्तिहरूलाई ख्रीष्टमा डोऱ्याउने ठूलो आनन्द गएको साल हामीले पायौं। बाँड्नुपर्ने यति ठूलो सुसमाचार हामीसँग हुँदाहुँदै हामी कसरी चूप लागेर बस्न सक्छौं?



सबै परिस्थितिहरूमा हामीले ख्रीष्टको सुसमाचार बाँड्नैपर्छ। तिमोथी अर्थात् तिमोथियसलाई लेख्दा प्रेरित पावलले भनेका छन्:

> "म तिमीलाई कड़ा आज्ञा दिँदछु, वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस" (२ तिमोथी ४:१-२)।

सुसमाचार प्रचार गर्ने र बाँड्ने सबै मौकाहरूलाई ख्रीष्ट येशूले प्रयोग गर्नुभयो। आफू मरिराख्नुभएको क्रूसमा पनि उहाँले मरिराखेको अपराधीलाई सुसमाचार सुनाउनुभयो। उहाँले भन्नुभयो, "साँच्चै म तिमीलाई भन्छु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ" (लूका २३:४३)।

आफ्ना प्रभुको सुसमाचार बाँड्ने कुनै पनि मौका पावल अर्थात् पौलसले गुमाउन चाहेनन्। आफ्ना हात र खुट्टामा साङ्ला बाँधिए तापनि उनले सुसमाचार प्रचार गरी नै रहे। साङ्लाले बाँधिएर राजा अग्रिपाको अगाड़ि खड़ा भई उनले ख्रीष्टको बारेमा राजालाई बताए (प्रेरित २६:२६)। उनले भ्यालखानबाट कराएर आत्मा हत्या गर्न लागेका भ्यालखानका हाकिमलाई ख्रीष्टको सुसमाचार सुनाए (प्रेरित १६:२७-२८)।

कुनै-कुनै मौका एक पल्ट मात्र हामीकहाँ आउँछन्जस्तो मलाई लाग्छ। हामीले ती मौकाहरू फेरि पाउन सक्दैनौं। यदि पावलले भ्यालखानका हाकिमलाई चर्को स्वरमा भन्न ढीला गरेको भए, ती हाकिम आफ्ना पापमा मर्ने थिए। ख्रीष्टको बारेमा सुसमाचार सुन्न आवश्यक भएको प्रत्येक व्यक्तिलाई सबै समयमा सुसमाचार सुनाउन हामी तयार हुनैपर्छ।

## तपाईंको अभ्यासको निम्ति

१ *दुइ उत्तम उत्तरहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।* ख्रीष्टको बारेमा साथीलाई बताउने मौका यदि मैले गुमाएँ भने,

**क**) उसलाई बताउने अर्को मौका म नपाउन सक्छु।
**ख**) अरू कसैले उसलाई बताउँछ होला।
**ग**) परमेश्वरले मलाई दण्ड दिनुहुनेछ।
**घ**) मेरा साथीले कहिल्यै प्रभुलाई चिन्ने छैनन् होला।

२ *सबैभन्दा ठीक उत्तर छान्नुहोस्।* मानिसहरूसँग बाँड्दा येशूले कुन तरीका प्रयोग गर्नुभयो?

क) मानिसहरू उहाँकहाँ आए भने मात्र उहाँले तिनीहरूसँग बाँड्नुभयो।
ख) उहाँ तिनीहरूकहाँ जानुभयो र बाँड्ने मौका सृजनुभयो।

खीष्टको सुसमाचार अरूहरूलाई बाँड्नको निम्ति सबैभन्दा उत्तम ठाउँ कुन हो? ..............................................
....................................................................

## लाज नमानी बाँड्नु

उद्देश्य २: *हाम्रो साक्षी बाँड्नको निम्ति हामीले किन लाज मान्नु हुँदैन व्याख्या गर्नुहोस्।*

आफ्ना दैनिक जीवनमा ख्रीष्टको बारेमा बताउन धेरै मानिसहरूले लाज मानेको जस्तो देखिन्छ। हाम्रा वरिपरिका मानिसहरूसँग हामीले हाम्रो विश्वास बाँड्दा धेरैले हाम्रो विरोध गर्छन् होला। कति जना हामीलाई देखेर हाँस्छन् होला। तर लाज नमानीकन धेरै कठिनाइहरूलाई भोग्न ख्रीष्ट इच्छुक हुनुभएको घटनालाई विचार गर्दा हामी उहाँका पाइलाहरू नपछ्याई रहन सकदैनौं। उहाँ हाम्रा अचम्मका उदाहरण हुनुहुन्छ।

क्रूसमा हुनुभएको येशूलाई एक छिन विचार गर्नुहोस्। त्यहाँबाट भएर जाने मानिसहरू उहाँलाई देखेर हाँसेका थिए। जसलाई उहाँले खुवाउनुभयो, जसका रोगहरूलाई उहाँले निको पार्नुभयो, जसलाई उहाँले शिक्षा दिनुभयो, तिनीहरूले नै उहाँलाई लाजमा पारिराखेका थिए। उहाँ लाजमर्दो मृत्युमा मर्नका लागि इच्छुक हुनुहुन्थ्यो, किनकि मानिसहरूले उद्धार पाउने बाटो यही मात्र थियो। हाम्रा अनुभवहरू बाँड्नका लागि तपाईं र म

लज्जित हुनुहुँदैन, किनकि मानिसहरूलाई आफूकहाँ डोऱ्याउनका निम्ति परमेश्वरले चुन्नुभएको बाटो यही नै हो।

प्रेरित पावलले क्रूसको लाज मानेका थिएनन्। उनलाई कुटियो, साङ्लाले बाँधियो र झ्यालखानमा हालियो। मध्यरातमा पनि अरू कैदीहरूलाई सुसमाचार सुनाउँदा उनले लाज मानेका थिएनन् (प्रेरित १६:२५)।

उनी रोममा झ्यालखानमा हुँदा र आफ्ना मित्रहरूद्वारा त्यागिँदा पनि उनी लजाएका थिएनन्।

अफ्रिकामा, गल्ली-गल्ली र गाउँ-गाउँमा गएर मानिसहरूले आफ्ना मुक्तिदाता र प्रभुको सुसमाचार सुनाएको मैले देखेको छु। मकहाँ आउनका लागि येशूले लाज मान्नुभएन, मलाई आफ्नो मित्र भनी बोलाउन उहाँले लाज मान्नुभएन, परमेश्वरको सामुन्ने मेरो विषय प्रस्तुत गर्न उहाँले लाज मान्नुभएन। के यी व्यक्तिको बारेमा बताउन म लज्जित हुनुपर्छ र?



**तपाईंको अभ्यासको निम्ति**

४ किरणले आफ्ना नयाँ साथी अरूणलाई येशू र उहाँको प्रेमको बारेमा बताउन चाहे। तर अरूणले उनलाई खिसी गर्छन्जस्तो उनलाई लाग्यो। अब किरणले आफैलाई कुन दुइ कुराको याद दिलाउनुपर्छ?

क) ..........................................................................

..........................................................................

ख) ..........................................................................

..........................................................................

५ बाइबलको यस पदलाई कण्ठ गर्नुहोस् र जहिले-जहिले तपाईं साक्षी दिन चाहनुहुन्छ तर त्यसो गर्न तपाईंलाई लाज लाग्छ। यस पदलाई याद गर्नुहोस्।

> किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो (रोमी १:१६)।

## मानिसलाई परिवर्तन गर्नका लागि बाँड्नु

उद्देश्य ३: *मानिसहरूलाई ख्रीष्टको बारेमा बाँड्दा तिनीहरूका जीवन परिवर्तन हुने तरीकाहरूको सूची बनाउनुहोस्।*

अफ्रिकी उखानले भन्छ, "यदि कुकुरले हाड़ आफ्नो मुखबाट खसालेको तपाईं चाहनुहुन्छ भने, त्यसलाई मासुको राम्रो टुक्रा दिनुहोस्।"

ख्रीष्टलाई मानिसहरूसँग बाड्ने सम्बन्धमा यो कुरा सत्य छ। यदि मूर्तिहरू र पापहरूबाट मानिसहरू फर्केको तपाईं चाहनुहुन्छ भने, तिनीहरूलाई अर्को धर्म नदिनुहोस्। त्यो ता तिनीहरूसँग प्रशस्तै थियो। तपाईंको संस्कृति पनि तिनीहरूलाई दिने कोशिश नगर्नुहोस्। तिनीहरू अर्को संस्कृति चाँहदैनन्। तिनीहरूलाई नयाँ विधि वा नयाँ दर्शनशास्त्र दिने कोशिश नगर्नुहोस्। ती सबै कुरा असफल भएका तिनीहरूले देखिसकेका छन्। फिलिपले सामरीहरूलाई गरेझैं तिनीहरूसँग येशू ख्रीष्टलाई मात्र बाँड्नुहोस्। किनभने तिर्खाउनेहरूका निम्ति येशूचाहिँ जीवित पानी हुनुहुन्छ। भोकाएकाहरूका निम्ति उहाँ जीवित रोटी हुनुहुन्छ। रोगीहरूका लागि उहाँ चङ्गाइ हुनुहुन्छ। अन्धकारमा बसेकाहरूका लागि उहाँ ज्योति हुनुहुन्छ। बाबु नभएकाहरूका लागि उहाँ बाबु हुनुहुन्छ र उहाँमा भरोसा गर्नेहरूका लागि उहाँ शुरू र अन्त्य हुनुहुन्छ। मानिसलाई आवश्यक पर्ने सबै कुरा उहाँ हुनुहुन्छ।

प्रेरित पावल धेरै शिक्षा हासिल गरेका व्यक्ति थिए। उनी आफ्नो समुदायमा अगुवा हुनै लागेका थिए। आफ्ना पिता-पुर्खाको धर्मलाई बचाउने काममा उनी संलग्न भएका थिए। उनले आफ्ना पिता-पुर्खाको धर्मलाई त्याग्छन् भन्ने कुरा कसैले पनि सोचेका थिएनन्। तर पनि यो भयो। जब उनले व्यक्तिगत रूपमा येशूलाई भेटे, उनले तुरुन्तै आफ्नो "हाड" छोड़िदिए। यहाँ उनले यसो भनेका छन्ः

> यद्यपि म आफैलाई त शरीरमा भरोसा राख्ने कारण छ। कुनै मानिसले शरीरमा भरोसा राख्ने कारण छ भन्ठान्छन् भने मेरा त झन् बढ़ी कारणहरू छन्। आठौं दिनमा मेरो खतना भएको हो। म इस्राएल जातिको, बेन्यामीन कुलको हुँ, हिब्रूको पनि हिब्रू, व्यवस्थाको विषयमा हो भने एक फरिसी, जोशको विषयमा हो भने मण्डली अर्थात्

> एकलेसियालाई सताउने, धार्मिकताको विषयमा हो भने व्यवस्था भएको धार्मिकताबमोजिम निष्खोट ठहरिएको हुँ। तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठाने (फिलिप्पी ३:४-७)।

आफूले ख्रीष्टलाई भेटेको कारणले अरू सबै कुराहरू अर्थहीन छन् भनी विचार गर्न पावल सक्षम भएका थिए। यस्तो आश्चर्यकर्म कसले बुझ्न सक्थ्यो र? पावलको जीवनको महान् परिवर्तनको महसूस गर्न अरू चेलाहरू र प्रेरितहरूलाई लामो समय लाग्यो। तर उनले ख्रीष्टलाई व्यक्तिगत रूपले अनुभव गरेका हुनाले उनी परिवर्तन भएका थिए। मासु पाएपछि आफ्नो मुखको हाड फालिदिन उनी खुशी थिए।

जखायस धनी र मुख्य मानिस थिए। उनलाई चोर भनेर पनि चिनिन्थ्यो। एक दिन उनले चोर्न बन्द गर्छन् भनी कसैले कहिल्यै सोचेको थिएन। तर जब उनले येशूलाई भेटे, उनले व्यक्तिगत रूपमा उहाँलाई अनुभव गरे र उनी पूर्ण रूपमा परिवर्तन भए (लूका १९:१-१०)।

मोशा दरबारमा हुर्किएका थिए। उनलाई सबै ज्ञान-बुद्धि सिकाइएको थियो। उनी वचन र काममा शक्तिशाली थिए। उनी सबैभन्दा महान् फारो बन्न सक्ने थिए। आफूले चाहेका सबै कुरा उनीसँग थियो। उनले अझ धेरै के इच्छा गर्न सक्थे? तर हामी पुरानो करारमा पढ्छौं कि ख्रीष्ट यस पृथ्वीमा आउनुभन्दा हजारौं वर्ष पहिले जब उनले विश्वासद्वारा व्यक्तिगत रूपमा ख्रीष्टको महिमालाई देखे, उनी परिवर्तन हुनका लागि इच्छुक थिए। हाम्रो व्यक्तिगत अनुभवमा परिवर्तन गर्ने शक्ति छ र यसले हाम्रो जीवनलाई नयाँ अर्थ दिन्छ। उजाड़-स्थानमा एकलोपन र कठिनाइको जीवनको निम्ति किन मोशाले आफ्नो सम्पत्ति, इज्जत र सिंहासन त्यागे?

आफूले ख्रीष्टलाई भेटेको हुनाले एक जवान व्यक्तिले राम्रो तलब पाउने कामलाई छोड़ेको साक्षी मैले भर्खरै पढ़ेको थिएँ। आफूले गरेको कामले परमेश्वरलाई खुशी पार्दैन भन्ने कुरा उनले महसूस गरे। येशूलाई भेटेपछि आफ्नो जीवन परिवर्तन भएको हुनाले उनले मासुको निम्ति हाडहरू छोड़िदिए।



बाइबलले बताउँछ, "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो, पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोरिन्थी ५:१७)।

वास्तवमा यो सत्य हो। ख्रीष्टसँगको व्यक्तिगत भेटाइले मानिसमा बाहिर र भित्र परिवर्तन ल्याउँछ।

म बाइबल स्कूलमा हुँदा मेरो मण्डलीका पास्टरको मृत्यु भयो। उहाँलाई परमेश्वरले महान् तरीकाले प्रयोग गर्नुभएको थियो। उहाँको दफनको दिनमा अचम्मको घटना भयो। दुवै ख्रीष्टियान र अख्रीष्टियानहरूको ठूलो जमघट थियो। एक-अर्कामा शत्रुता भएका दुइ जना व्यक्तिहरू पनि त्यहाँ आए। तिनीहरू एक-अर्कासँग बोल्दैनथे र हातहरू पनि मिलाउँदैनथे। तर पनि

२० वर्षपछि त्यस दिन तिनीहरूले पहिलो पल्ट यी परमेश्वरका जनको चिहानमाथि आफ्ना हातहरू मिलाए। यो घटना देख्दा म धेरै अचम्भित भएँ। ख्रीष्टको क्रूसको मृत्युपछि परमेश्वर र मानिसका बीचमा भएको ठूलो परिवर्तनको बारेमा यसले मलाई स्मरण गरायो। हामी जिए पनि वा मरे पनि, हाम्रो साक्षीले जीवनहरूलाई परिवर्तन गर्न सक्छ।

## तपाईंको अभ्यासको निम्ति

६ एक व्यक्तिले आफ्ना गल्ती विश्वासहरू छोड़ेर ख्रीष्टलाई ग्रहण गर्नको निम्ति उत्साह दिनका लागि प्रयोग गरिने तरीका कुन हो?

**क**) उसका विश्वासहरू ठीक छैनन् भनी उसलाई बताउनु।
**ख**) उसको जीवन पापपूर्ण छ भनी उसलाई बताउनु।
**ग**) उसका निम्ति ख्रीष्टले गर्नुहुने सबै अचम्मका कामहरू उसलाई देखाउनु।

७ ख्रीष्टले उपलब्ध गर्नुहुने तर अरू धर्म वा विश्वासले पूरा रूपमा उपलब्ध गर्न नसक्ने तीन कुराहरूलाई तलको सूचीबाट छान्नुहोस्।

**क**) साँचो आनन्द
**ख**) सफलता
**ग**) जीवनमा अर्थ
**घ**) असल शिक्षा
**ङ**) बुद्धि
**च**) अनन्त जीवन

८ भोकाहरूका निम्ति ख्रीष्ट रोटी हुनुहुन्छ भनी जब हामी भन्छौं, यसको अर्थ हामीले के दिएका हुन्छौं?

**क**) उहाँले हामीलाई कहिल्यै भोको हुन दिनुहुन्न।

**ख**) परमेश्वरलाई चिन्ने हामीभित्रको गहिरो इच्छा वा भोकलाई उहाँले तृप्त पार्नुहुन्छ।

**ग**) यदि हामीसँग खानेकुरा छैन भने, आश्चर्यकर्मद्वारा उहाँले हामीलाई जुटाउनुहुन्छ।

९ तपाईंले ख्रीष्टलाई चिन्नुभएको हुनाले तपाईंको जीवन परिवर्तन भएको छ भनी देखाउने तीन तरीकाहरूको सूची बनाउनुहोस्।

**क**) ..........................................................

**ख**) ..........................................................

**ग**) ..........................................................

---

## मूल्य चुकाउनुपर्दा पनि बाँड्नु

---

उद्देश्य ४ः *मूल्य चुकाउनुपर्दा पनि सुसमाचार बाँड्ने व्यक्तिहरूको उदाहरण दिनुहोस्।*

कहिलेकहीं हाम्रो अनुभव बाँड्नका लागि केही मूल्य चुकाउनुपर्छ। मेरो देशमा शुरूका ख्रीष्टियानहरूले सहेको कष्टको बारेमा मैले सुनेको छु। तिनीहरूमध्ये कोही-कोही अझै जीवित छन् र ख्रीष्टमा विश्वासयोग्य छन्। तिनीहरूमध्ये धेरै जनालाई श्राप दिई परिवारबाट त्यागिएको थियो। अफ्रिकीहरूका लागि यो अति कठिन कुरा हो। श्राप दिएर घरबाट निकाल्नु भनेको अर्थ मरेको जस्तो हो भनी विचार गर्नु हो। तपाईंको परिवार वा गाउँमा कसैले पनि तपाईंलाई अभिवादन गर्दैन र तपाईंबाट केही कुरा पनि लिँदैन। विवाह गर्न लागेकी केटीलाई पनि

अरू कसैले जबरदस्तीसाथ विवाह गरिदिन्छ। आइतबार मण्डलीमा जाँदा धेरै जना भोकै जानुपर्छ। मण्डलीमा गए भने तिनीहरूलाई खान नै दिँदैनन्।

मेरो देशमा ख्रीष्टियान हुँदा मानिसहरूले सहनुपर्ने दुःख-कष्टको बारेमा म धेरै बताउन सक्छु। तिनीहरूले धेरै कठिन संकष्टहरू सहनु परे तापनि तिनीहरू ख्रीष्टमा विश्वासयोग्य भएकोमा म परमेश्वरलाई धन्यवाद चढाउँछु। तिनीहरूका कारणले, मैले पनि मेरो जीवनमा प्रभु येशू ख्रीष्टलाई अनुभव गर्न सकेको छु।

पुरानो करारमा भएका तीन जवान हिब्रूहरूका बारेमा विचार गरौं। दानियल ३:८-२५ पढ्नुहोस्। यी तीन मानिसहरू परमेश्वरका जन थिए। जे भए पनि परमेश्वरकै सेवा गर्ने निर्णय तिनीहरूले लिए। राजाको अगाड़ि दिइएको तिनीहरूको साक्षीको कारणले तिनीहरूलाई आगोको ज्वालामा फालियो। परमेश्वरमा राखिएको आफ्नो विश्वासलाई त्याग्नुको सट्टा मर्नलाई नै तिनीहरूले रोजे। अनि तिनीहरूले उदाहरण देखाएका हुनाले हाम्रो ख्रीष्टियान जीवन बाँड्नका लागि हामी पनि उत्प्रेरित हुन सक्छौं।



*बाँड्दा परमेश्वरले आफ्ना पुत्रको मूल्य चुकाउनुपर्‍यो।* मानिससँग आफ्नो महान् प्रेम बाँड्नका लागि परमेश्वरले आफ्ना एक मात्र पुत्र हामीकहाँ पठाउनुभयो। मानिसले पाप गरेको हुनाले मानिससँग सङ्गति गर्नका लागि परमेश्वरसँग अर्को कुनै उपाय थिएन। मानिसले आफ्ना पुत्रसँग गरेको व्यवहार देख्दा परमेश्वरलाई अति नै दुःख लागेको थियो। तर हाम्रा निम्ति भएको उहाँको प्रेमको कारण, यसो गर्नका लागि उहाँ इच्छुक हुनुहुन्थ्यो।

*बाँड्दा येशूले आफ्नो जीवनको मूल्य चुकाउनुपर्‍यो।* येशूलाई धेरै कठिनाइहरू थाहा थियो। अगमवक्ता यशैयाले येशूलाई 'वेदनाका मानिस' भनी सम्बोधन गरेका छन् (यशैया ५३:३)। आफ्नो सेवाभरि नै उहाँलाई मार्न चाहने मानिसहरूद्वारा येशू घेरिनुभएको थियो। तर मानिसहरूलाई पापबाट उद्धार गर्नका लागि उहाँका निम्ति अर्को कुनै उपाय थिएन। मृत्यु चाख्नु र परमेश्वरबाट अलग हुनुको मूल्य उहाँले जान्नुभयो। तर उहाँले हामीलाई प्रेम गर्नुभएको हुनाले, हाम्रो उद्धारको निम्ति मूल्य चुकाउन उहाँ इच्छुक हुनुहुन्थ्यो।

के येशू आफैले आफ्ना चेलाहरूलाई यसो भन्नुभएन र? "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्" (मत्ती १६:२४)।

तपाईं आफ्नो ख्रीष्टियान अनुभव अरू मानिसहरूसँग बाँड्न चाहनुहुन्छ भने तपाईंले चुकाउनुपर्ने मूल्य त्यहाँ छ। तपाईंले साथीहरू गुमाउनुहुन्छ होला। तपाईंका आमा-बाबुले तपाईंलाई बुझ्दैनन् होला। अरूहरूका निम्ति तपाईं अनौठो देखिनुहुन्छ होला।

कुनै पनि कठिनाइहरू चाहे जे-जस्ता होऊन्, तपाईंको विश्वास बाँड्नबाट तिनीहरूले तपाईंलाई रोक्न नपाऊन्। तपाईंको निम्ति जे गर्न ख्रीष्ट इच्छुक हुनुभयो सो याद गर्नुहोस्। जे-जस्ता मूल्य चुकाउनु परे तापनि अरूहरूसँग येशूलाई बाँड्नको निम्ति यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

**तपाईंको अभ्यासको निम्ति**

१० येशू क्रूसमा टाँगिनुहुँदा परमेश्वरले कष्ट भोग्नुभयोजस्तो तपाईंलाई लाग्छ? ...............................................

११ किन परमेश्वर कष्ट भोग्न इच्छुक हुनुभयो र किन येशू कष्ट भोग्न इच्छुक हुनुभयो? .................................

..................................................................................

१२ ख्रीष्टियान हुनको लागि कष्ट भोग्ने कोही व्यक्तिलाई तपाईं चिन्नुहुन्छ?

..................................................................................

ती व्यक्तिहरूले कसरी कष्ट भोगेका छन्?

..................................................................................

१३ येशूको बारेमा सुसमाचार सुनाउनका लागि यी उदाहरणहरूले तपाईंलाई कसरी सहायता पुऱ्याउन सक्छन्?

..................................................................................

..................................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) उसलाई बताउने अर्को मौका म नपाउन सक्छु।
घ) मेरा साथीले कहिल्यै प्रभुलाई चिन्ने छैनन् होला।

२ ख) उहाँ तिनीहरूकहाँ जानुभयो र बाँड्ने मौका सृजनुभयो।

३ सबैभन्दा उत्तम ठाउँ कुनै पनि छैन। हामी उहाँलाई जहाँसुकै पनि बाँड्न सक्छौं।

४ **क**) हाम्रा पापहरूका निम्ति मर्न येशू शर्माउनुभएन।
**ख**) येशूको बारेमा बताउन हामीले लाज मान्नुहुँदैन, किनकि उहाँको बारेमा मानिसहरूलाई बताउन परमेश्वरले छान्नुभएको तरीका यही मात्र हो।

५ अब तपाईंले यो पद कण्ठ गर्नुभएको छ, ख्रीष्टको सुसमाचारको निम्ति कहिल्यै लज्जित नहुनका लागि परमेश्वरको सहायता माग्नुहोस्।

६ ग) उसका निम्ति ख्रीष्टले गर्नुहुने सबै अचम्मका कामहरू उसलाई देखाउनु।

७ क) साँचो आनन्द।
ग) जीवनमा अर्थ।
च) अनन्त जीवन।

८ ख) परमेश्वरलाई चिन्ने हामीभित्रको गहिरो इच्छा वा भोकलाई उहाँले तृप्त पार्नुहुन्छ।

९ तपाईंको उत्तर। उहाँले तपाईंको जीवन परिवर्तन गर्नुभएकोमा के तपाईं आनन्दित हुनुहुन्न र?

१० आफ्नो बालकलाई कष्ट हुँदा आमा-बाबुलाई दुःख लागेझैँ परमेश्वरलाई पनि दुःख लाग्यो भनी म विश्वास गर्छु।

११ उहाँले हामीलाई धेरै प्रेम गर्नुभयो, किनकि पापबाट उद्धार पाउनलाई हाम्रो निम्ति सम्भव बनाउन चाहनुहुन्थ्यो।

१२ तपाईंको आफ्नै उत्तर।

१३ ख्रीष्टको निम्ति कष्ट भोग्न अरूहरू पनि तयारी छन् भनी महसूस गर्नाले उहाँको निम्ति जस्तोसुकै मूल्य चुकाई सेवा गर्न पनि यसले हामीलाई बल दिन्छ।